Received Date: Oct. 2025 Revised: Nov. 2025 Accepted: Dec. 2025

# किरात राई समुदायमा प्रचलित ओइतुङ्ग परम्परा

**नारायणभक्त राई**
एम.फिल.-पिएच.डी. शोधार्थी
Narayanraee1@gmail.com
*Doi: https://doi.org/10.3126/hisan.v11i1.92773*

**शोधसार**

*लेख्य इतिहास नभएको व्यवहारिक, मौखिक र श्रुति परम्परामा आधारित किरात राई समुदायभित्र नजिकका नातेदारहरूले गर्नुपर्ने सम्पूर्ण व्यवहारलाई मार्गदर्शन गर्ने एक परम्परागत सङ्गठन हुन्छ, त्यसलाई ओइतुङ्ग परम्परा भनिन्छ । ओइतुङ्ग परम्परामा आफन्त दाजुभाइहरूको विभिन्न भूमिकाहरू रहेका हुन्छन् । त्यस्ता भूमिका र जिम्मेवारीहरूले राई समुदायको समाजलाई प्राचीन कालदेखि वर्तमान समयसम्म एक सूत्रमा बाँधेर अगाडि बढाउँदै आएको पाइन्छ । राई समाजमा ओइतुङ्ग परम्पराका कारण समाजमा विद्यमान विभिन्न चाडपर्व संस्कार, संस्कृति आदि सम्पन्न गर्न निकै सहज हुने गर्दछ । समाजमा सामाजिक रूपमा सबै मिलेर गर्नु पर्ने कामहरूमा पनि सरिक हुनु पर्दछ । ती र त्यस्ता आफैले मात्र गर्न नसक्ने काम वा परिस्थितिहरूमा आफन्तहरूको आवश्यकता पर्दछ । त्यसैले ओइतुङ्गसमाज भित्रका वंशीय तथा सबैभन्दा नजिकका आफन्त, नजिकका नातेदार र गाउँलेहरूले गर्नुपर्ने काम कर्तव्य र भूमिका कस्तो हुन्छ भन्ने कुरालाई यस आलेखमा समाविष्ट गरिएको छ । किरात राई समुदायमा दाजुभाइ तथा आफन्तहरूलाई र समाजमा आइपर्ने विभिन्न कार्यहरूमा ओइतुङ्गले खेल्ने भूमिका र निभाउने जिम्मेवारीहरूका बारेमा प्रष्ट पार्नु यस लेखको उद्देश्य रहेको छ । राई समाजमा ओइतुङ्ग परम्परा एक अलिखित सामाजिक कानुन भएको र त्यो समाज यही ओइतुङ्ग परम्परालाई आधार मानेर अगाडि बढेको यस अध्ययनको प्राप्ति रहेको छ ।*

***शब्दकुञ्जी :*** *गाजीघर, पर्मा, बागदत्ता, बर्खान्त, सिकार*

## परिचय

मानव जीवनमा आइपर्ने विभिन्न काम तथा समस्याहरू जुन आफैले मात्र पूरा गर्न सकिँदैन, त्यसरी गर्न नसकिने कामहरू नजिकका दाजुभाइ तथा आफन्तहरूबाट सहयोग लिएर सम्पन्न गरिन्छन् । विभिन्न किसिमका जिम्मेवारी पूर्ण कामहरू गर्ने समाजलाई भाइ समाज भनिन्छ । त्यस किसिमको भाइ समाजलाई राई जातिको चाम्लिङ्ग राई भाषामा 'ओइतुङ्ग' भनिन्छ । राई समुदायभित्र पनि विभिन्न राईहरू रहेका छन् जसमा बान्तावा, साम्पाङ्ग, पुमा, बाहिङ्ग, थुलुङ्ग आदि । यसमा साम्पाङ्ग राई भाषीहरूले वत्तोभाइ, दुमी राई भाषीहरूले वात्तोछारु भन्ने गर्दछन् (नेत्रमणि दुमी राई, अन्तवार्ता, साउन ४ २०८२) । ओइतुङ्गलाई अर्को शब्दमा वंशीय दाजुभाइ पनि भन्न सकिन्छ जुन आफैमा एउटा दाजुभाइको समाज हो । राई जातिमा एकै पाछा (थर) एकै सामे (रक्त समूह वा गोत्र भने जस्तै हो) भएकाहरू दाजुभाइ र छोरीचेली हुन्छन् । उनीहरू जुनसुकै स्थानमा बसे पनि आफन्तको मृत्यु हुँदा वा जुठो पर्दा तीन छाक बार्ने दाजुभाइ सबैभन्दा नजिकका मानिन्छन् । हजारौं वर्ष अगाडिदेखिका यस्ता नजिकका आफन्तको लामो हाँगा भए तापनि उनीहरूका बीचमा विवाहवारी हुँदैन । किन कि उनीहरू 'ओइतुङ्ग'भित्र बाँधिएका भाइ समाजअन्तर्गत पर्दछन् ।

यस ओइतुङ्ग समाजले आफ्नो परिवारभित्र आइपरेका समस्याहरू अथवा कामहरूमा सक्रियताका साथ जिम्मेवारी र भूमिकाहरू निर्वाह गर्दछन् । ओइतुङ्ग समाजले निर्माण गरेको सामाजिक, सांस्कृतिक, परम्परागत मूल्य र मान्यताहरू प्रथाजनित कानुनका रूपमा लागू भएका हुन्छन् जसलाई इमान्दारिताका साथ निर्वाह गर्न नसके उनीहरू दण्डको भागी समेत हुने गर्दछन् । ओइतुङ्गमा दण्डको मात्र व्यवस्था नभएर राम्रो काम गर्नेहरूलाई प्रशंसा, स्यावासी र उपहारको पनि व्यवस्था गरिएको हुन्छ (जयकुमार राई, अन्तर्वार्ता, असार ४, २०८२) । ओइतुङ्गले आफ्नो वंशमा जन्मदेखि मृत्युसम्म परिआउने विभिन्न किसिमका कामहरूमा एकजुट भएर सहयोग गर्ने तथा निदेर्शन समेत दिने गर्दछन् जुन प्राचीनकालदेखि कायम रहँदै आएको प्रथाजनित व्यवस्था हो ।

मानव जीवनका विभिन्न समस्या र अप्ठ्याराहरूमा आवश्यक पर्ने सामुहिकताहरूमा आफन्तहरूको सहयोग लिने परम्परा समाजमा रहेको पाइन्छ । ती आफन्त पनि ज्यादा आफ्नो कुल नजिकका व्यक्तिहरू भए राम्रो मानिने परम्परा छ । सिटौला सेवा समाज नेपालको अनुसार पृथक्-पृथक् रूपमा बसिरहेका भारद्वाज गोत्रीय सिटौला समुदायलाई एकै सूत्रमा बाँध्ने उद्देश्यले 'सिटौला सेवा समाज नेपाल' को स्थापना गरिएको छ, भनी सिटौला सेवा समाजको वंशावली स्थापना गरेको पाइन्छ (सिटौला, २०७०) । यस कुराले परम्परामा सगोत्रीय दाजुभाइको समाज भन्ने कुरालाई बुझाउँछ । ओइतुङ्ग जो राई समुदायको सबैभन्दा पुरानो प्राचीन समाज विकास क्रमको संगठन हो । यस संगठनले एउटा समाजलाई बाँधेको हुन्छ । यो समाजभन्दा बाहिर रहेर जीवन यापन गर्न राई समुदायलाई मुश्किल हुन्छ ।

राई समुदायमा ओइतुङ्ग परिवारभन्दा माथिल्लो संगठन हो । त्यसै गरी सन्थाल समुदायमा पनि 'मन्झी पारगाना' भन्ने हुन्छ जुन चाम्लिङ्ग राई समुदायको ओइतुङ्ग भने जस्तै हो । 'मन्झी पारगाना' परिवार भन्दा एक तह माथिको सामाजिक संरचना हो (राई र हाँस्दा, २०७५) । राजी जातिले नातेदारीका हिसाबले वंशगत र मिश्रित रूपमा बसेका आधारले क्षेत्रगत आधारमा परम्परागत शासन प्रणाली चलाउँछन् (आङ्बुहाङ र राजी, २०८१) ।

एउटा भू-खण्डमा बसोबास गरेका एउटै गाउँभित्रका सबै ओइतुङ्गहरू नै हुन् तथापि टाढा नजिकको आधारमा ओइतुङ्गहरूलाई विभाजन गरिएको पाइन्छ । राई समुदायमा ओइतुङ्ग भनिने दाजुभाइ परम्परालाई मुगाल समुदायमा 'नातेदारी व्यवस्था' भनिन्छ । नातेदारी व्यवस्थाले गर्दा समाजमा गोत्र, कुल, कुटुम्ब, नजिकको अथवा टाढाको बन्धु भन्ने अवधारणाहरूको विकास भएको पाइन्छ (लामा, २०८०) । किराती समाजमा मुख्यतया चार किसिमका ओइतुङ्गहरू हुन्छन् ।

एकै परिवारका दाजुभाइहरूलाई धि ओइतुङ्ग भनिन्छ । जुनको पुस्ता तीन पुस्ता पुस्ताभन्दा बढी भएको हुँदैन । यसलाई एकै घरको सन्तान पनि भन्न सकिन्छ । यस ओइतुङ्गको जिम्मेवारी अरु ओइतुङ्गहरूको भन्दा ज्यादा हुन्छ ।अलिक परको दाजुभाइहरूलाई छि ओइतुङ्ग भनिन्छ । जस्तो दश पुस्ता, वीस पुस्ता भएको दाजुभाइहरू छि ओइतुङ्ग अन्तर्गत पर्दछन्। यस ओइतुङ्गको जिम्मेवारी धि ओइतुङ्गको भन्दा कम हुन्छ । पर्मा ओइतुङ्ग भनेको चाँही अरु पाछाका राईहरू, अरु भाषाका राईहरू र अरु जातिका मानिसहरू पर्दछन्, जसमा क्षेत्री, बाहुनदेखि अन्य सबै जातका मानिसहरू पर्दछन् । तर एउटा भूगोलभित्र बसोबास गरेको हुनु पर्दछ । खोलाले छिनेको छ, डाँडाले छिनेको छ, भिरले छेकेको छ र एउटा क्षेत्रभित्र साँझा बसोबास रहेको ओइतुङ्गलाई

पर्मा ओइतुङ्ग भनिन्छ । यसलाई गाउँले दाजुभाइहरू पनि भन्न सकिन्छ (जयकुमार राई, अन्तर्वार्ता, असार ४, २०८२) ।

## अध्ययन विधि तथा सामग्रीहरू

प्रस्तुत लेख नेपालको पूर्वी पहाडी क्षेत्रमा शताब्दीयौंदेखि बसोबास गर्दै आएका किरात राई जातिमा कायम रहेको ओइतुङ्ग परम्परा, जुन नजिकका दाजुभाइहरूले आफन्तहरूमा आइपर्ने विभिन्न घटना र आवश्यक अवस्थामा एकअर्कामा सहयोग गर्नै पर्ने हुन्छ, त्यस विषयमा केन्द्रीत रहेको छ । यो परम्परा किरात राई समुदायमा प्रचलित एक मौलिक परम्परा हो । यो एक समुदायमा केन्द्रीत नितान्त मौलिक परम्परामा आधारित अनुसन्धान भएकाले यसलाई जातीय अनुसन्धान मानिएको छ । यो अनुसन्धान गुणात्मक विधिमा आधारित रहेको छ । अध्ययनका क्रममा प्राथमिक र सहायक स्रोतहरूको प्रयोग गरिएको छ । प्राथमिक स्रोत सङ्कलन गर्दा यस विषयमा जानकारी भएका मानिसहरूसँग उद्देश्यमूलक नमूना छनौट विधिका आधारमा अन्तर्वार्ता लिइएको छ । त्यसैगरी सहायस स्रोतहरू व्यक्तिका निजी सङ्कलनमा रहेका, विभिन्न पुस्तकालयमा रहेका र अफैसँग रहेका तथा अनलाईन मार्फत समेत सङ्कलन गरिएको छ । त्यसरी सङ्कलन गरिएका स्रोतसामग्रीहरूलाई विश्वसनीयताका आधारमा वर्णनात्मक र विश्लेषणात्मक पद्धति अपनाएर प्रस्तुत गरी लेख तयार गरिएको छ ।

## विवाहमा ओइतुङ्गको भूमिका र जिम्मेवारीहरू

विवाह मानव समाजलाई निरन्तरता दिनका लागि अति आवश्यक कुरा हो । यसको अभावमा मानव समाज अघि बढ्न सक्दैन । विवाह गर्ने तरिकाहरू समुदाय अनुसार फरक-फरक हुने गर्दछन् । प्रत्येक समुदायमा आ-आफ्नो रीतिरिवाज र चालचलनअनुसार फरक-फरक रूपमा विवाह गर्ने गर्दछन्(लामा, २०८०)।त्यसै गरी मेचे समुदायमा पनि विवाहका संस्कारहरू फरक हुने गर्दछन् । त्यस्ता विधिहरूमा विशेष गरी 'हिन्जाई साङनाई' अर्थात् मागि विवाह सम्पन्न गर्दा पूरा गर्ने गर्दछन् (भण्डारी,२०७५) ।

कन्यार्थमा जाँदाखेरी बेहुलीको घरलाई गाजीघर भनिन्छ भने यता बेहुलाको घरलाई पनि गाजीघर भनिन्छ । त्यस घरमा कि बुहारी भित्र्याइन्छ कि त छोरीलाई बिदाई गरिन्छ (जयकुमार राई, अन्तर्वार्ता, असार ४, २०८२) । विवाह हुने मुख्य घरलाई गाजीघर भनिन्छ ।जुन घरमा विवाह हुँदैछ, त्यो घर गाछीघर हो ( भिमबहादुर राई, अन्तर्वार्ता, असोज १३, २०७७)।

एकै घरका धेरै छोराहरू छन् भने त्यस मध्ये विवाह हुने घरलाई गाजीघर भनिन्छ भने अरु वंशीय दाजुभाइहरूलाई धि ओइतुङ्गहरू भनिन्छ । जस्तो एउटाको तीन भाइ छोरा छ भने जेठोको घरमा विवाह हुँदैछ भने माइला र कान्छा धि ओइतुङ्ग हुन्छन् । यसलाई परिवारभित्रको दाजुभाइ भन्न सकिन्छ । अथवा धि वात्तुङ्ग जे भनेर बुझे पनि हुन्छ । उनीहरूलाई वंश भार पनि लाग्दछ । भन्नुको अर्थ विवाह कार्य सम्पन्न गर्न जिम्मेवारी अनुसारको सरो, ठेकी, भेटी (कुनै किसिमको अर्थ, अन्नपात, लत्ताकपडा वा अन्य कुनै कुराहरूको भार) बुझाउनु पर्दछ । मुख्य रूपले विवाह कार्य सम्पन्न गर्ने जिम्मेवारी नै उनीहरूमा रहेको हुन्छ । धि ओइतुङ्गले जसरी अनिवार्य सरो, ठेकी, भेटी बुझाउनु नपर्ने तर पर्मा ओइतुङ्गहरूले भन्दा ज्यादा सरो, ठेकी, भेटी बुझाउनु पर्ने ओइतुङ्गहरूलाई छि ओइतुङ्ग भनिन्छ । धि ओइतुङ्ग र छि ओइतुङ्गहरूले जसरी सरो, ठेकी, भेटी बुझाउनु नपर्ने ओइतुङ्गलाई पर्मा ओइतुङ्ग भनिन्छ । पर्मा ओइतुङ्गले आफ्नो गच्छेअनुसार सरो, ठेकी, भेटी बुझाए हुन्छ ।

**मगनी गर्न कुटुम्बो आउँदा ओइतुङ्ग**

कसैको छोरी मगनी गर्न जाँदा सोझै (सिधै) केटीको घरमा गएर माग्न मिल्दैन वा पाइँदैन । जेठोको छोरीको विवाह गर्ने बेला भयो, कुटुम्बो आउने भयो भने पहिले माइलो अथवा कान्छो अथवा उसको फुपुहरूकोमा कलिया (कोङ्पी) गएर कुरा गर्नु पर्दछ (भिमबहादुर राई, अन्तर्वार्ता, असोज १३, २०७७) । त्यसपछि माइलो अथवा कान्छो अथवा उसको फुपूहरूले यसरी फलना, हाम्रो छोरी, भदैनी माग्नलाई आउने रे भनेर केटीको बाउ(बुबा) आमासँग कुरा चलाउनु पर्दछ । गनगाई जातिमा पनि विवाह गर्दा पहिले माग्न जाने चलन रहेको हुन्छ । त्यसका लागि राई समुदायमा कोङ्पीले गर्ने जस्तै काम लमीले गर्ने गर्दछन् । जसलाई उनीहरूको भाषामा 'करुहवा' भन्ने गर्दछन् । विवाह योग्य केटाको लागि केटी माग्ने काम लमी (करुहवा) द्वारा सम्पन्न गराइन्छ (श्रम, २०४५) ।

त्यसरी कुरा चलाई सकेपछि आमा, बाउले लु आउनु भनेपछि केटा पक्ष माग्नलाई आउने गर्दछन् । त्यसरी केटी माग्न आउने भएपछि केटी पक्षबाट पनि बडा वा काका वा नजिकको ओइतुङ्गलाई कलिया बनाइन्छ । त्यसपछि बडा वा काका वा कलिया बनाएको ओइतुङ्गको घरमा दुई पक्षको कलिया भेट भएर कुरा गरेपछि लु जाउँ है भनेर गाजी घरमा जाने गर्दछन् (जयकुमार राई, अन्तर्वार्ता, असार ४, २०८२) ।

त्यसदिन गाजी घरले नजिकका ओइतुङ्गहरू सबैलाई बोलाउनु पर्दछ । गाजी घरमा सबै भेला भइसकेपछि कलिया ओइतुङ्गले यसरी कन्य अर्थमा यो पाछाका राईहरू आएका छन् । केटा र केटीको अब वंश, मावली, बुढी मावली, कुप्री मावलीहरू मिल्छ कि मिल्दैन ? नाता केलाउनु पऱ्यो । हुन्छ कि हुँदैन ? केटा र केटीको मन्जुरी के हुन्छ ? बाउ आमाले दिन्छन् कि दिँदैनन् ? भनेर केलाई दिनु पर्छ । ती सबै मिलेमा मात्रै विवाह हुन्छ (चतुरभक्त राई, अन्तर्वार्ता, २०७७ कार्तिक २) ।

**विवाहमा ओइतुङ्गको काम विभाजन**

विवाहमा ओइतुङ्गहरूलाई सीप र क्षमता अनुसारको काम बाँडफाँड गरिन्छ । क-कसले के-के गर्ने ? भनेर कामको विभाजन गरिन्छ । एक भाइले सुङखिम बनाउने, अर्को भाइले दाउराको बन्दोबस्त गर्ने, अर्कोले रातीको लागि उज्यालोको व्यवस्था मिलाउने, जाडो छ भने दाउराको प्रबन्ध गरिदिनु पऱ्यो ।

ओइतुङ्ग घरका छोरी बुहारीहरूले पात टिपेर दुना, टपरी बुन्ने, कति बुन्ने ? कहाँ राख्ने ? अब रितभाँतको लागि कसले गर्ने ? विवाह गर्दापुर्खा को हो ? नछुङ (धामी) कोहो ? कति बजे गर्ने ? कसरी गर्ने ? के-के गर्ने ? रितमा के गर्ने ? रित कति माग्ने ? भाँडा कुँडा कसले जम्मा गर्ने ? कसले माझ्ने ?भान्सा कसले हेर्ने, कहाँ नेर खाना बनाउने ? कति बेला दिने ?कसले पाहुनाले खाना पानी खाए नखाएको हेर्ने, विवाहमा बोलाइएकाहरूले खाए-खाएनन् ? भोका तिर्खा कसले हेर्ने जस्ता सबै काम ओइतुङ्गहरूमा भाग लगाइन्छ । ती भाग लागेको काम सबैले जिम्मेवारी पूर्वक पूरा गर्नु पर्दछ । किन भने यो भनेको पर्म हो फेरि त्यस्तै कार्जे ( काम) आफ्नो घरमा पऱ्यो भने फेरि त्यही ओइतुङ्गले आफुलाई पनि सघाउँछन् ।

विवाहको दिन वा त्योभन्दा पहिले नै सघाउनीको रूपमा ओइतुङ्ग भाइहरूले अन्नपात, जाँड, रक्सी सघाउने गर्दछन् । विहाव समापन भइसकेपछि पुनः गाछी घरमा ओइतुङ्ग भेला हुन्छ । त्यो दिन क-कसलाई के-के जिम्मेवारी दिइएको थियो ? त्यस बारे छलफल गरिन्छ । कोही विरामी भयो, काटियो, कुटाई खायो, न्यायमा हाऱ्यो भने गाजी घरले सायेरेम्मा (शिर उठाउनी) गर्नु पर्दछ । कार्जेमा कुनै प्रकारले कसैको शिर ढलेमा शिर उठाउनी गरिन्छ (जयकुमार राई, अन्तर्वार्ता, असार ४, २०८२) ।

क-कसले के-के काम गरे, त्यसअनुसार सुङ्गुरको करङ राखिदिने, टाउको राखिदिने, चामल राखिदिने अरु आवश्यक्ता अनुसारका सामाग्रीहरू राखिदिएर सबैलाई धन्यवाद दिएर विदा दिने चलन हुन्छ । यसलाई सायेचुङ्गमा गरेको भन्ने चलन हुन्छ । सायेचुङ्गमा भनेको हाम्रो शिर अग्लो ठाउँमा छ, छँदै छ, अझै माथि उठाउने भनेर फेटा गुथेर सायेचुङ्गमा गरिन्छ ।

यसरी एउटा घरमा परेको विवाह कार्जे सबै ओइतुङ्गले मिलेर सम्पन्न गरिदिन्छन् । यस प्रकार विवाह भनेको एउटा केटा र केटीको मन मिलाएर मात्रै हुँदैन । एउटा परिवार र अर्को परिवारको नातासम्बन्ध जोड्ने मात्र पनि हैन । त्यो भनेको एउटा वंश र अर्को वंशको बिचमा कुटुम्ब जोड्ने कुरा पनि हो । त्यसरी जोडिने नाता सम्बन्धहरूमा ओइतुङ्ग भाइको भूमिका ठूलो रहेको हुन्छ ।

राई समाजमा बागदत्ता (कन्यादान) दिने कुराले ठुलो अर्थ राख्द छ । ८० वर्षीय भीमबहादुर राईको अनुसार - बागदत्ता विवाहको सबैभन्दा महत्त्वपूर्ण कुरा हो । बागदत्ता भन्नाले बेहुलीपट्टिकाले पूर्ण रूपमा बेहुलापट्टिकालाई केटी जिम्मा लगाउने कुरा हो अर्थात आफ्नो छोरीचेलीलाई आफ्नो चुला (राईको तीन ढुङ्गाको एक चुला, जुन देउता चुला हो) बाट निकालेर जुवाइँको चुलामा सार्ने प्रक्रिया हो । बागदत्ता नदिएसम्म केटा र केटीबिच पूर्ण विवाह भएको हुँदैन । बागदत्ता नदिएसम्म छोरीचेली जुवाइँको हुँदैन । जुवाइँले फटाइँ गरेमा छोरी नदिन पनि सक्छन् । बेहुली पक्षले बागदत्ता नदिएसम्म बेहुली पूर्ण रूपमा बेहुलाको हुँदैन । बागदत्ता नदिएको विवाहित केटीको मृत्यु भएमा केटापट्टिकाले दाहसंस्कार गर्न पाउँदैनन् । त्यसैले किरात राई समुदायमा यो निकै महत्त्वपूर्ण प्रथाको रूपमा चलिआएको पाइन्छ ।

बागदत्तामा एक थान काँसे डबका, एक चिण्डो रक्सी, एक रुपियाँ पैसा, अदुवा र चामल केटापट्टिकोले राख्नुपर्छ । फेरि केटीपट्टिकोले पनि काँसको डबका र एक चिण्डो रक्सी राख्नुपर्छ जसमा दुईपट्टिबाट ल्याएको डबकालाई एक ठाउँ राखिन्छ । दुईपट्टिबाट ल्याएको रक्सीलाई दुवैतिर मिसाई बागदत्ता बोलिन्छ अर्थात कन्यादान दिइन्छ ।

बागदत्ता दिँदा निकै चर्काचर्की हुने गर्दछ । पुर्खाहरूले तीन पुस्ता बोल्दै केटीलाई केटापट्टि जिम्मा दिने गर्दछन्, जसमा केटापट्टिकाले सम्पूर्ण रूपमा जिम्मा लिनुपर्छ । हाम्रो छोरीचेलीलाई कहाँ राख्छौ ? भोलि हेलाहोचो हुन्छ कि हुँदैन ? आदि जस्ता प्रश्नहरू केटीपट्टिकालाई सोधिन्छ, जसमा केटापट्टिकाले नम्र भएर केटीपट्टिकालाई चित्तबुझ्दो जवाफ दिनुपर्छ र जिम्मा लिनुपर्दछ । त्यसरी जिम्मा लिँदा र दिँदा दुई वचनधारा ( एक किसिमको कसम) र तीन बाचा बोली दिने र लिने चलन छ ।

जस्तै : केटीपट्टिकाले बोल्ने बागदत्ता : फलानो सामे, फलानो पाछा भएको फलानी (केटीको नाम) लाई आजदेखि फलानो सामे फलानो पाछा भएको फलानो (केटाको नाम) लाई आजदेखि एक दियौँ-दियौँ-दियौँ, दुई दियौँ-दियौँ-दियौँ, फलानो सामे, फलानो पाछा भएको फलानी (केटीको नाम) लाई आजदेखि फलानो सामे फलानो पाछा भएको फलानो (केटाको नाम) लाई आजदेखि एक दियौँ, दुई दियौँ, तीन दियौँ-दियौँ-दियौँ भनीजिम्मा लगाइन्छ ।

माथि केटी पक्षकाले बोल्ने बागदत्ता भयो । त्यसमा केटा पक्षकाले बोल्ने बागदत्तामा केही फरक हुन्छ । फलानो सामे फलानो पाछा (केटीको नाम) लाई आजदेखि फलानो सामे फलानो पाछा फलानो (केटाको नाम) का लागि एक पायौँ-पायौँ-पायौँ, दुई पायौँ-पायौँ-पायौँ, फलानो सामे फलानो पाछा फलानी (केटीको नाम) लाई आजदेखि फलानो सामे फलानो पाछा फलानो (केटाको नाम) का लागि एक पायौँ, दुई पायौँ, तीन पायौँ-

पायौँ-पायौँ भनी जिम्मा लिने गरिन्छ । यसरी बागदत्ता बोलिसकेपछि त्यस दिनदेखि केटीको भार माइतीदेखि समाप्त भएर केटाकोमा सर्छ ।

विवाहमा आएका जन्ती तथा पाहुनहरूलाई बस्नको लागि सुडखिम बनाइन्छ । सुडखिम भनेको विवाहमा जन्ती कति आउँदै छन्, त्यसको आधारमा राती बस्नको लागि तयार पारिने घर हो । यसमा जन्तीहरूलाई राख्ने गरिन्छ । पहिले-पहिले अहिलेको जस्तो यातायातको व्यवस्था थिएन । टाढाबाट हिँडेर विवाह घरसम्म पुग्नु पर्ने हुन्थ्यो । फेरि त्यही दिन फर्केर घर पुग्न सक्ने अवस्था नहुँने हुँदा जन्ती, पाहुनाहरूलाई रातमा बास बस्नको लागि बनाइने घर (सुडखिम) हो ।

बेहुला पक्षले बेहुली पक्षका लागि विवाहमा आउँदा रित अनुसारको भाग ल्याउनु पर्दछ । रित अनुसारको भागमा मासु (सुङ्गुरको फिला), पैसा, रक्सी आदि हुन्छ । त्यस्ता रितका भागहरू विभिन्न खालका हुन्छन् । त्यसरी रित राख्ने क्रममा काका बडौहरू सबैका लागि पनि रित भाग दिनु पर्छ । त्यसरी दिइने रितलाई भाइखाने रित भनिन्छ । त्यो भनेको ओइतुङ्ग भाग हो । यसमा धि ओइतुङ्ग बाहेक अरुलाई दिनु पर्दैन ।

ओइतुङ्ग भाइहरूको जिम्मेवारी केटा र केटीको विवाह गरिदिसकेपछि पनि रहिनै रहेको हुन्छ । छोरीले घर गरिनखाएमा सम्झाउने बुझाउने गर्दछन् । छोरीलाई हेलाहोचो गरेमा जुवाइँलाई ओइतुङ्गहरूले सम्झाउने बुझाउने गर्दछन् । छोरा बुहारी वा छोरी जुवाइँबिच निकै सारो नै कलह हुनथाल्यो, झगडा कुटाकुटमै परिणत भयो भने दुवै तर्फका ओइतुङ्गहरू भेला भएर दुवैलाई सम्झाउने बुझाउने गर्दछन् ।

छोरी अरुसँग पैला (विवाह गरेमा) गएमा केटातर्फका ओइतुङ्गहरू भेला भएर केटीको माइती गाउँमा गएर जारी उठाउँछन् । यता जुवाइँले अर्को विवाह गरेमा केटी पक्षका ओइतुङ्गका गाउँलेहरू सबै उल्टेर जुवाइँसँग अंश छुट्याउन जाने गर्दछन् ।

प्राचीन समयमा किरात राई समुदायमा कुनै श्रीमान् श्रीमतीबिच कुनै कारणले सम्बन्धविच्छेद (छोडपत्र) गर्नु परेमा सबै ओइतुङ्गहरू भेला भएर दुई जनाको सम्बन्धविच्छेद (छोडपत्र) गरिदिने चलन थियो । आजको अदालती सम्बन्धविच्छेदमा फेरि मिलनको अवसर राखिदिएको हुन्छ तर त्यस समयमा सम्बन्धविच्छेद (छोडपत्र) भएका केटा र केटीबिच पुनः विवाहको परिकल्पना गरिएको हुँदैन थियो । सम्बन्धविच्छेद गराउन सक्ने व्यक्तिले केटा र केटी दुवै पक्षको ओइतुङ्गहरू भेला गरी सबैको सामु केटा र केटीलाई आम्नेसाम्ने राखी सम्बन्धविच्छेद गरी दिने गर्दथे । छोडपत्र गराउँदा बोलिने बचनहरू - आज हामी फलाना फलाना (केटा र केटीको नाम) को छोडपत्रमा भेला भएका छौँ । आज यो आकाश झुट्टो ठहरियो, यो धर्ती झुट्टो ठहरियो, विवाह गराइदिने कलिया, गाउँ समाज सबै झुट्टो ठहरियौँ, हामीले धेरै सम्झाउँदा बुझाउँदा पनि तिमीहरू एक भएर घर गरी खान नसक्ने भयौ, आजदेखि तिमीहरू पराई बन्दै छौ । आजदेखि तिमीहरू कहिले पनि एक अर्काको हुने छैनौ । आजदेखि तिमीहरूलाई एक अर्काको जुठो बारबन्देज लाग्ने छैन । आजदेखि तिमी दुईको बाटो अलग-अलग भयो । लु आजदेखि आ-आफ्नो गरिखानु भनी छुट्ट्याइदिने गर्दछन् । यो नै प्राचीन कालको सम्बन्धविच्छेद हो (भिमबहादुर राई, अन्तर्वार्ता, असोज १३, २०७७) । सतार जातिमा धामीले सम्बन्धविच्छेद गरिदिने चलन हुन्छ । सम्बन्धविच्छेदमा उनीहरूले झाक्री भन्ने समाजको लागि पदाधिकारी हुने गर्दछ । जसले सम्बन्धविच्छेद अथवा मिलापत्र आदि विषयमा निर्णय गर्दछन् र उक्त निर्णयलाई सबैले सम्मान गर्दछन् (चौधरी, २०६४) ।

माथि उल्लिखित कार्य छोरी दिने घरमा मात्रै हैन बुहारी भित्र्याउने घरमा पनि यसरी नै कामको विभाजन गरिएको हुन्छ । फलानाको लागि केटी मागियो भनेपछि सबै दाजुभाइलाई बोलाएर यो ठाउँमा केटी

मागियो । यसो-यसो भयो भाइ हो, अब विवाह गर्नु पर्ने भयो । कसरी गर्ने ? के-के गर्ने ? क-कसले के-के गर्ने ? पाहुनापाछ्रालाई कसले टार्ने, कसले खाना बनाउने क-कसले बाँड्ने ? अचारविचारको कुरादेखि सजावट कसले हेर्ने जस्ता सबै कुराको भाग लगाएर काम गरिन्छ । ओइतुङ्ग वा ओइतुङ्ग भाइ सल्लाह गरिएन भने तेरो विवाह तैं खा भन्यो भने त सकिएन ? त्यक्रो ठुलो विवाह आफैले मात्र कसरी गर्ने ? त्यसैले विवाहमा ओइतुङ्गको ठुलो भूमिका र जिम्मेवारी रहेको हुन्छ (जयकुमार राई, अन्तर्वार्ता, असार ४, २०८२) ।

## घर बनाउने कार्यमा ओइतुङ्गको भूमिका

मानव जीवनका आधारभूत आवश्यक्तामध्ये घर पनि एक हो । जीवन व्यतित गर्नका लागि कुनै पनि मानिसलाई घर अनिवार्य सर्त हो । राई समुदायमा दैविक प्रकोप भएर वा परिवार छुट्टीएर नयाँ घर बनाउनु परेमा पनि ओइतुङ्गको भूमिका रहेको हुन्छ । कसैले घर बनाउनु परेमा ओइतुङ्गले मिलेर बनाई दिने चलन हुन्छ । घरको लागि काठ काटी दिने, कसैले आरा तानी दिने, कसैले छानाको लागि खर काटी दिने, खर बोक्नेले बोकी दिने, ढुङ्गा फोरिदिने, झ्याल ढोका बनाउन जान्नेले बनाई दिने, ढुङ्गामाटोको गारो हाली दिने, सिपालु मान्छेले छानो छाइदिनेजस्ता सबै काम गरिदिने चलन हुन्छ । त्यसरी घर बनाउँदा आवश्यक सबै काम गरिदिएर घरमा मानिस बस्न लायक बनाई दिने चलन हुन्छ । त्यसो गरेबापत पैसा दिनु पर्दैन । काम गरेको समयमा खाजा पानी, खाना दिनु पर्छ । त्यो भनेको पछि फेरि अर्कोलाई पर्दा पनि सबै ओइतुङ्गले सहयोग गर्ने गर्दछन् ।

## मरौ (मृत्यु संस्कार) कार्यमा ओइतुङ्ग

कसैको मृत्यु भएमा त्योको परिवार सबै शोकमा हुन्छन् । त्यस्तो बेलामा ओइतुङ्गको भूमिका निकै महत्त्वपूर्ण हुन्छ । मृत्यको लाशलाई घरको परिवार आफैले व्यवस्थापन गर्न सक्ने अवस्थामा हुँदैनन् । त्यसैले त्यस किसिमको काम सबै ओइतुङ्गले गरिदिनु पर्दछ । कुनै ओइतुङ्ग भाइभित्रका कोही मान्छे मऱ्यो भने ओइतुङ्ग भाइहरू भेला हुन्छन् । कसैले बाँस काट्छन् । कसैले मान्द्रो तयार गर्छन् । कसैले बाकस बनाउँछन् । कसैले लाशलाई मान्द्रोमाथि राखेर बाकसमा हाल्छन् । सबै मिलेर लाशलाई बोकी पुर्ने स्थानसम्म लान्छन् । कसैले खाडल खन्छन् । विधि सकेपछि गएका जत्ती सबै मलामीले मट्टी दिएर पुरेर घर फर्कन्छन् । घर फर्कदा जाने मलामीहरूलाई खाजाको व्यवस्था पनि ओइतुङ्ग भाइहरूले गर्नु पर्दछ । त्यसलाई बाँड्ने काम ओइतुङ्ग भाइका छोरी मान्छेहरूले गर्दछन् । गनगाई जातिमा मानिस मर्नासाथ मृतकलाई उत्तर सिरान पारी सुताइन्छ । मृतकको शिरतर्फ धान राखी धानमाथि बत्ती बाली दिन्छ । लाशलाई नुहाई दिइ सेतो कपडा ओडाइ दिन्छन् (श्रम, २०४५) ।

मृतकको लाशलाई मुख्यतया दुई तरिकाबाट बाटो (सद्गत) गरिन्छ । यसलाई राई जातिमा बाटो लगाउने भन्ने गरिन्छ । एउटा भनेको राम्रो बाटो लगाउने हो । राम्रो बाटो लगाउने भनेको कालगतिले उमेर पुगेर कोही मानिसको मृत्यु भएको छ भने त्यस्तो मृत आत्मालाई ओइतुङ्ग भाइहरूले सल्लाह गरेर कुलपितृको बाटोबाट आफ्नो जमिनमा दफनाउँछन् । राजी जातिमा पनि त्यसरी नै मृतकलाई गाड्ने चलन छ (चौधरी, २०६४) । राई समुदायमा नोक्छुङ/नोछुङ (धामी) को माध्यमबाट वा मुन्दुम जान्नेले चुलामा लगाउँछन् । युवा उमेरमै आत्महत्या गरेर मरेमा वा भिरबाट लडेर मरेमा वा कुनै दुर्घटनामा परी मृत्यु भएका मान्छेहरूलाई भने ओइतुङ्ग भाइहरूको सल्लाहले प्रायः डडाउने गर्छन् । कतिलाई दफन पनि गर्ने गर्दछन् । तर त्यस्तो मृत आत्मालाई चुलामा (राई समुदायको तीन ढङ्गाको एक मूल चुला) राखिँदैन । मृत आत्मालाई बाहिर पाखामा, पहाडमा अथवा अरु स्थानमा राखिन्छ (भिमबहादु राई, अन्तर्वार्ता, असोज १३, २०७७) ।

ओइतुङ्ग वंशीभित्र कसैको मृत्यु भएमा ओइतुङ्ग भाइहरू सबैलाई जुठो लाग्छ । सबैले जुठो बार्नु पर्छ । जुठो बार्नु पर्छ भन्नाले नुन, तेल, बेसार, माछा, मासु बार्नु पर्छ । कसैले जुठो तीन दिन, कसैले पाँच दिनसम्म बार्ने गर्दछन् । दोमासे भएमा एकै दिनमा सक्ने चलन हुन्छ । राजी जातिका कसैको मृत्यु भएमा नातेदारहरूले केही दिनसम्म जुठो बार्दछन् (चौधरी, २०६४) ।

जुठो बार्ने चलन उँधो खोला अर्थात तल्लो क्षेत्रमा रहेको पाइन्छ भने उँभो खोला अर्थात माथिल्लो क्षेत्रमा जुठो बार्ने चलन छैन । तल्लो र माथिल्लो क्षेत्रलाई पानी ढलोले छुट्याएइको हुन्छ । चुरे क्षेत्रबाट उत्तर तर्फ अग्लिँदै गएको पहाड निकै माथि पुगेपछि त्यसभन्दा माथिल्लो भाग समाप्त हुन्छ । त्यहाँ पानी पर्दा त्यस क्षेत्रको पानी पहाडको टुप्पाबाट दक्षिणतर्फ बग्छ भने त्यसलाई उँधो खेला अर्थात तल्लो क्षेत्र भनिन्छ । भने अर्को तर्फ उँभो खोलाको पानी ढलोबाट त्यहीँ पहाडको टुप्पामा पानी पर्दा उक्त पानी उत्तरपट्टी बग्छ भने त्यसलाई उँभो खोला अर्थात माथिल्लो क्षेत्र भनिन्छ । त्यसै दिन मृत्य व्यक्तिलाई दफन गरेर फर्किएपछि घरमा सुङ्गुर, राँगा के छ त्यो काटेर मलामी जानेहरूलाई खुवाउने चलन हुन्छ (जयकुमार राई, अन्तर्वार्ता, असार ४, २०८२) । यो भनेको पहाडी क्षेत्रमा मलामीहरू धेरै टाढाटाढाबाट आउने भएकाले भोकतिर्खा लाग्ने भएकोले खाजाको रूपमा खुवाउने चलन हुन्छ । पछि त्यसैलाई राईहरूमा परम्परा र संस्कारको रूपमा विकास भएको पाइन्छ ।

किरियापुत्रीमा बसेकाहरूलाई बर्खान्त (किरिया) गरेर चोखाइन्छ जसलाई राई समुदायमा चोखिने वा बर्खान्त गर्ने भनिन्छ । ओइतुङ्ग भाइहरूको सल्लाह अनुसार चोखिने दिनमा सल्लाह अनुसार जाँड-रक्सी, अन्नपात भेला गरेर बर्खान्त ओइतुङ्ग भाइहरूले गरिदिनु पर्छ । किन भने घरको मान्छे त दुःखमा बसेका हुन्छन् । कतिपय राई समुदायमा किरिया पुत्री बस्नु नपर्ने व्यवस्था रहेको पाइन्छ जसले नुन तेल बार्नु पर्दैन उसलाई चोखिरहन जरुरी पनि हुँदैन (जनक राई, अन्तर्वार्ता, २०७७ असोज २३) ।

ओइतुङ्ग समाजले राई समुदायलाई मर्न पनि सिकाएको हुन्छ । मर्दा पनि कसरी मर्ने ? काटीएर मर्ने कि, विष खाएर मर्ने कि, झुन्डिएर मर्ने कि, कुनै ढङ्गले सेरिएर मर्ने कि, कालगतिले उमेर पुगेर मर्ने भनेर सिकाउँछ । जो काटिएर, विष सेवन गरेर, झुन्डिएर, सेरिएर, भिरबाट हाम्फाली मरे भने त्यसलाई चाहीँ मर्न जानिनस्, तेरो मरण राम्रो भएन, मान्छे भएर जन्मिसकेपछि मर्न पनि जान्नु पर्छ भनेर राई समुदायमा अकालमा आफ्नो खुशीले आत्महत्या गरेर मर्नेहरूलाई गाली गर्ने गर्दछन् । त्यस्ता मृत आत्मालाई - तँलाई हामी चुलामा खान सकदैनौं, तँलाई तल बलेसीमा खान दिन्छौं भनेर सिकुवा र आँगनको बिचमा जहाँ पानी झर्छ त्यहाँ खान दिइन्छ (देउता गर्दा) । त्यसलाई चुलामा राखिँदैन । चुलामा बोलाईदैन (देउता गर्दा) । ज्यादा परिवार, समाजलाई दुःख दिएमा, तर्साएमा त्यस्तो प्रेत आत्मालाई धामीले फेरि मार्ने गर्छन् । राम्रोसँगले उमेर पुगेर कालगतिले मृत्यु भएका मृत आत्माहरूलाई सम्मानका साथ चुलामा बोलाइन्छ (देउता गर्दा) । चुलामा खान दिइन्छ । त्यसैले जे पायो त्यही गरेर मनपरी ढङ्गले मर्नु हुँदैन । ठिक तरिकाले जीवन व्यतित गरेर कालगतिले मर्नु पर्छ भनेर सिकाउने परम्परा राई समुदायमा रहेको पाइन्छ ।

**बसाइँसराइ**

आजभन्दा करिव ५०/६० वर्षभन्दा अघिसम्म राई जातिका मानिसहरूले आफ्नो परम्परागत बासस्थान वा बसोबास गर्ने क्षेत्रहरूबाट बसाइँसराइ गर्ने काम कमै मात्र गर्दथे । त्यतिबेला जुन भूगोलमा बसोबास गर्दथे, त्यही भू-क्षेत्रमा बसोबास गर्ने गर्दथे, त्यसरी आफ्नो थाकथलो नछाड्ने जातिमा चेपाङ्ग जाति पनि पर्दछन् । सामान्यतः चेपाङ्गहरू टाढा-टाढा बसाई सर्दैनन् (थपलिया, २०४४) किरात राई समुदायको

विश्वास के छ भने यो भूगोलले, यो माटोले हामीलाई बचाउँछ, पुर्खौदेखिको थाकथलो हो, छाडेर जानु हुँदैन भन्ने मान्यता थियो । बसाइँ जाने हो भने पनि आफ्नो पुर्खौली सम्पत्ति यथावत राखेर जाने चलन छ ।

परापूर्वकालमा कुनै भाइ बसाइँसराइ गरेर अन्यत्र जान खोजेमा ओइतुङ्ग भाइहरूले रोक्ने गर्दथे । बसाइँ जान दिँदैनथे । बसाइँ सर्ने कुरा ओइतुङ्गहरूसँग गर्दा तेरिमा बेइज्जती तँलाई केमा खाँचो पर्‍यो ? जग्गा छैन, ऊ खोरिया फाँडेर बस् । हल गोरु छैन ? लु माइलाले एउटा दिने, जन्तरेले एउटा दिने । हलो छैन ? लु जेठा दाइले दिने । सुङ्गुर छैन, अर्को भाइले दिने । घर छैन ? लु सबैले मिलेर बनाई दिने । अब भन किन बसाइँ जानु पर्‍यो ? के ले पुगेनर बसाइँ जाने ? भनेर ओइतुङ्ग भाइहरूले सबै कुराको व्यवस्था गरिदिएर भएपनि बसाइँ जान दिँदैनथे (जयकुमार राई, अन्तर्वार्ता, असार ४, २०८२) ।

## नयाँ वंशको निर्माण

राईहरू धेरै थरका हुन्छन् । जस्तो वान्तवा, चाम्लिङ्ग, दुमी, साम्पाङ्ग, कोई (कोयु), बाहिङ्ग, लोहरूङ्ग, थुलुङ्ग, जेरुङ्ग, वाम्बुले, खालिङ्ग, नाछिरिङ्ग, पुमा आदि हुन्छन् । त्यसभित्र एउटै राईभित्र पनि विभिन्न पाछा, सामेका राईहरू हुन्छन् । जस्तो बान्तवा राईभित्र पनि विभिन्न बान्तवा राईहरू रहेका हुन्छन् । जस्तै मुकारुङ्ग, साम्सोहाङ्ग, देवाहाङ्ग एवाई, लिम्सु हाङ्गखिम, अलिहरा गरी १६२ वटा रहेका हुन्छन् । त्यसै गरी चाम्लिङ्ग, दुमी, साम्पाङ्गहरू पनि विभिन्न पाछा र सामेका हुन्छन् (मातृका किराँत, अन्तर्वार्ता २०८२ साउन ७) । तिनै वान्तवा-वान्तवाबिच पनि विवाह हुन्छ । चाम्लिङ्ग-चाम्लिङ्गबिच पनि विवाह हुन्छ । त्यसरी विवाह हुनका लागि एकै थरीका राईभित्र पाछा, सामे भने फरक हुनु पर्दछ । मुलतः एकै सामे एकै पाछा भएकाहरूमा विवाह हुँदैन । गर्नु पनि हुँदैन तर भूलवस विवाह भइहालेछ भने खोला अनुसार तीन पुस्ता पाँच पुस्ता गलेको (मृत्यु) भएको रहेछ भने त्यसलाई ओइतुङ्गले नयाँ पाछा, नयाँ सामे दिएर आफ्नो वंशबाट छुट्याएर भिन्दै (फरक) बनाउँछन् । त्यसरी छुट्टिएको परिवारले अर्को नयाँ वंशको विकास गर्दछन् । यस प्रकार राई समुदायमा धेरै पाछा, सामे भएको राईहरू भेटिन्छन् (राई, २०७७) ।

## ओइतुङ्ग निकाला वा भाइ निकाला

किरात राई समुदायमा आजसम्म पनि आफ्नै खाले संस्कारिक कानून विद्यमान छ । किरात राई समुदायमा कुनै कुरा गर्नु पर्दा वा नयाँ प्रथा चलाउनु पर्दा सबै आफन्त, इष्टमित्र, नगरनाता, दाजुभाइ, दिदीबहिनी, माइती, मावली आदि भेला हुने चलन छ । त्यसरी हुने भेलाले कुनै कुराको बारेमा निर्णय गर्न, कुनै नयाँ नियम लागू गर्न सक्दछन् । समुदायसँग सम्बिन्धित कुराहरू कुनै एकलै राईले एकलौटी रूपमा लागू गरेर हुँदैन । त्यस कुरामा सबै ओइतुङ्गको सहमति अनिर्वाय हुन्छ । अनीमात्र त्यो कुरा समुदायमा लागू हुन्छ । अन्यथा एकलैले एकल निर्णय गरेमा सो राईलाई समाजले निकाला गर्ने, उसलाई केही पर्दा नसघाउने गर्दछन् । यसरी समाजले पेल्न थालेपछि कि त गाउँ समाज नै छाडेरै हिँड्नु पर्छ हैन भने ओइतुङ्गले गरेको निर्णय मान्नु पर्दछ । अन्यथा एक घरे, एक थले हुनु पर्छ (भिमबहादुर राई, अन्तर्वार्ता, असोज १३, २०७७) ।

एकै वंशका, एकै पाछा, सामे भएका र तीन पुस्ता वा पाँच पुस्ता नगलेका केटा र केटीबिच विवाह भएमा त्यसलाई ओइतुङ्गले डाँडा कटाउने गर्दछन् । किन भने त्यो भनेको नजिकको चेली माइतीबिच विवाह भएको हुन्छ । त्यस्तो अवस्थामा कहीँ कतैबाट पनि साइनो छिन्न सकिँदैन । साइनो छिनाउन र छिन्न नसक्ने गरी ओइतुङ्ग समाजलाई नै नकारात्मक असर पर्ने भएमा ओइतुङ्गले ती दुईलाई डाँडा कटाउने गर्दछन् ।

## वन व्यवस्थापन र प्रयोगमा ओइतुङ्ग

किरात राईहरू बसोबास गर्दाखेरी कुनै खोलाको किनार भएर माथि पहाडदेखि हिमालको फेदसम्म बसोबास गरेको पाइन्छ । उनीहरूलाई जीवन निर्वाह गर्नका लागि बस्नका लागि वन जङ्गल चाहियो । त्यो वन जङ्गलमा पशु-पन्छी बसेका थिए । वन भएपछि उनीहरूलाई गाइवस्तु चराउन चरनक्षेत्र भयो । इन्धनको रूपमा दाउरा प्रयोग गरे । त्यो वन जङ्गलले अक्सिजन, पानी दियो । त्यो पानी खान (पिउन), सिंचाई गर्न प्रयोग गर्ने गरे । लामो अभ्यासले रुख काट्यो भने पानीको मुहान सुक्छ भन्ने थाहा पाए । त्यसको लागि वनको संरक्षण गर्नु पर्ने भयो । त्यस वनलाई कसरी संरक्षण गर्ने ? भन्ने ओइतुङ्ग सल्लाह भए । त्यो सल्लाह बमोजिम वनको संक्षण गरिन थाले । राई समुदायको सम्पत्ति सम्बन्ध सामुदायिक भूस्वामित्व (किपट) को आधारमा हुन्थ्यो । किपट प्रणाली अन्तर्गत भूमि-जङ्गल लगायत सम्पूर्ण साधन र स्रोतहरूको नियन्त्रण र पारिवारिक आवश्यक्ता अनुसार उपयोग हुन्थ्यो (विष्ट, २०३४) ।

त्यो ओइतुङ्गको नियम भनेको वन ऐन बन्नुभन्दा धेरै वर्ष पहिले बनेको किरात राईहरूको प्रथाजनित कानुन हो । जसको प्रयोग ठाउँ-ठाउँमा बसोबास गरेका राईहरूले आफ्नो जङ्गलको संरक्षण गरेको पाइन्छ । कुन समयमा रुख काट्ने कुन समयमा नकाट्ने जस्ता कुराहरूको विभाजन गरेका हुन्थे । जस्तो चैत, बैशाखतिर रुख काट्न हुँदैन । किन भने त्यस बेला पाउलो आएको हुन्छ । पाउलो आएको बेला रुख काफलो हुन्छ । काफलो काठमा छिट्टै धुलिया लाग्छ । बलियो हुँदैन । घर वा अन्य कुरा बनाउन काम लाग्दैन । डलेलो लाग्न दिनुहुँदैन । जस्ता नियमहरू ओइतुङ्गको सल्लाहले बनाउने र लागू गर्ने गर्दछन् ।

राई जातिले वनको विभिन्न तरिकाबाट उपयोग गर्ने गर्दछन् । त्यसमध्ये सिकार लेख्ने पनि एउटा परम्परा हो । त्यसरी खेलिने सिकार पनि ओइतुङ्ग समाजले निर्धारण गर्दछन् । ओइतुङ्ग समाजले कुन समयमा सिकार खेल्ने र कुन समयमा खेल्न हुँदैन, त्यसको पनि व्यवस्था गरेको हुन्छ । ओइतुङ्ग समाजले उभौलीमा सिकार खेल्न दिँदैनन् । किन भने त्यस बेला सबै पशु, पन्छी गर्भिणी भएका हुन्छन् । पछि उधौलीमा भने फेरि सबै मिलेर सिकार खेल्छन् किन भने त्यस बेला सबै पशु, पन्छीले बच्चा हुर्काइसकेका हुन्छन् । भिर मह झिक्न, खोलामा माछा मार्न समेत सल्लाह गरेर ओइतुङ्ग सबै मिलेर काडी खाने, मारी खाने गर्दछन् । राई समुदाय बाहेक अन्य आदिवासी जनजाति समुदायले पनि शिकार खेल्ने गर्दछन् । जसमा लेप्चा, मेचे जाति पनि पर्छन् ।लेप्चा जातिले जीवन निर्वाहका लागि शिकार पनि लेख्ने गर्दछन् । यिनीहरूमा १ जना लेप्चाले १०० शिकार गरेपछि मात्र मासु खानुहुन्छ भन्ने विश्वास थियो (श्रम, २०४५) । मेचे जातिहरूले पनि प्राचीन अवस्थादेखि नै सिकार खेल्ने गरेको पाइन्छ । जहाँ सिकार गर्न, माछा मार्न तथा कन्दमूल खोजेर गुजारा गर्ने गर्दथे (मेचे, २०७९) ।

## कुलपितृ पुजा (न्वागि, सुँवा, हुइलुङ्ग), साकेलामा ओइतुङ्ग

कुलपितृ सम्मान प्रत्येक वर्ष गरिन्छ । राईले कुलपितृलाई वर्षमा दुई पटक सम्झने, सम्मान गर्ने गर्दै पूजा गर्ने गर्दछन् । यो पूजा किरात राई समुदायले अनिर्वाय रूपमा गर्नु पर्दछ । कुलपितृ नगर्ने राई, राई नै हुँदैन । यो पूजा गर्दा आफ्नो पगरी धामी वा ओइतुङ्गको सबैभन्दा जेठो सन्तानले वा कुल गर्न जान्ने व्यक्तिले गर्ने गर्दछन् (भिमबहादुर राई, अन्तर्वार्ता, असोज १३, २०७७) । नगरे अन्नपात राम्रो नहुने, परिवारमा सुख, शान्ति, सन्चो नहुने, वस्तुचौपाय राम्रो नहुने वा अनिष्ठ हुने मान्यता छ । कुल गर्दा ओइतुङ्ग भाइहरूको सल्लाहले कुन दिन गर्ने भनेर निश्चय गर्ने गर्दछन् । त्यसपछि फलाना दिन गर्ने भनेपछि सन्तानको सबैभन्दा

जेठाको घरबाट सुँवा हान्दै माइलो, साइँलो हुँदै कान्छाकोमा आएर समापन गर्दछन् (जयकुमार राई, अन्तर्वार्ता, असार ४, २०८२)।

किरात राई समुदायले विभिन्न तरिकाले साकेला मनाउने गर्दछन् । राई समुदायमा विशेष दुई साकेला चाडहरू रहेका हुन्छन् । साकेला भन्नाले किराती जीवनकालमा चराचर जगतमा जीवित प्राणीहरूको स्मरण गर्दै नक्कल गरेर सिलीद्वारा नचिने किराती नाच हो । जसमा चरा सिली, धान रोप्नेदेखि थन्काउनेसम्मको सिली आदि पर्दछन् । उसै गरी आफ्नो चाडवाड मनाउने जातिमा लेप्चा पनि पर्दछन् । उनीहरूको पौराणिक कथामा आधारित भएर धान रोप्ने बेलादेखि पराल उठाउनेसम्मको ऋतुको वर्णन भएको संगीतमय भएर नाच्द छन् । साथै लडाइमा जसरी लड्छन् सोहि अनुसार गोडाको तालमा धनुकाँड, गुलेली, ढाल, तरवार लिएर नाच्दै प्रदर्शन गर्दछन् (श्रम, २०४५) । त्यसरी आफ्नो गाउँमा साकेला मनाउनका लागि पनि ओइतुङ्गको भूमिका रहेको हुन्छ । धेरै मानिस उपस्थित भएर साकेला मनाउने भएकोले यसमा खर्च र कामको जिम्मेवारी पनि धेरै हुन्छ । त्यस्तो अवस्थामा लागत खर्चको व्यवस्थापनदेखि खाजा, खाना, पानीको व्यवस्थापनको लागि ओइतुङ्गले सल्लाह गरेर भूमेपाथी उठाएर खर्च व्यवस्थापन गर्ने गर्दछन् । साकेला हुनु पूर्व नै भूमेपाथी कति-कति उठाउने भनेर सल्लाह गरेका हुन्छन् । त्यो सल्लाह बमोजिमको भूमेपाथी उठाएर खर्च टार्दछन् ।

## पगरी धामी

राई समुदायमा आफ्नो पगरी धामी वा नक्छुङ्ग हुन्छ । राई समुदायमा धामी परम्परा अथवा मुन्दुम परम्परा धामीमा आधारित छ । धेरै कुरा पुराना कुरा जान्नु वा सिक्नु छ भने पनि नक्छुङ्गबाट लिन सकिन्छ (भोगिराज चाम्लिङ्ग, अन्तर्वार्ता, असोज १९, २०७७) । आफ्नो पगरी धामीलाई आफुले बोलाउँदा जहिले पनि आउनु पर्छ । घरमा दुःख विराम हुँदा, रितिथीति, विवाह, मरौ परौ सबै कार्यमा गइदिनु पर्छ (रत्नकुमारी राई, अन्तर्वार्ता, असोज २१, २०७७) । यसमा पनि प्रायः दुई किसिमको धामी हुन्छन् । एउटा कुल धामी अर्को मरौ कार्यमा चलाइने धामी हुन्छ । मरौ र अन्य काममा धामी चलाउनेहरूमा मेचे, सतार पनि पर्दछन् (चौधरी, २०६४) । पगरीधामीलाई वर्षको एउटा घरले चार पाथी, पाँच पाथी, दश पाथी अन्नपात दिनु पर्दछ । अनि धामी बस्दाखेरीको अन्नपात, भेटी, चढाएको जाँड, रक्सी सबै उसैको हुन्छ । विवाह कार्य सम्पन्न गर्न आएको बेलामा पनि अन्नपात, मासु, रक्सी लगाई दिनु पर्छ । आजभोलि पैसा दिने चलन आएको छ ।

## संस्कार, संस्कृति, परम्परा वा प्रथाजन्य व्यवस्था र राजनीति

साकेला, मरौपरौ, विवाह कार्यमा वा अन्य संस्कार, संस्कृति, परम्परा वा प्रथाजन्य विविध विषयमा सवाल खडा भएमा वा कुनै ठुलै समस्या उत्पन्न भएमा त्यसको समाधानका लागि ओइतुङ्ग भेला गरिन्छ (भिमबहादुर राई, अन्तर्वार्ता, असोज १३, २०७७) । त्यस विषयमा छलफल गरी प्रचलित मूल्य र मान्यताहरूमा सुधार वा थप घट गर्नु परेमा वा त्यस संस्कार, संस्कृति, परम्परा वा प्रथाजन्य व्यवस्था हटाउनु परेमा हटाएर वा सुधार गरेर त्यस्ता समस्याहरूको समाधान निकाल्न पनि ओइतुङ्गले भूमिका निर्वाह गर्दछ (जयकुमार राई, अन्तर्वार्ता, असार ४, २०८२) ।

राजनीति राई समुदायका लागि नयाँ प्रणाली हो । राई समुदायले ५०/६० वर्ष अघिसम्म राजनीतिमा खास चासो राखेको पाइँदैन । आजभोलि केही चासो राखेको पाइन्छ । अझै पनि प्रतिनिधि सभा, राष्ट्रिय सभा, प्रदेश सभाहरूमा उठ्ने गरेको पाइँदैन । केही राजनीतिक क्षेत्रमा लाग्नेहरू भने उठ्ने गर्छन् । स्थानीय निकायहरूमा भने केही मात्रमा उठ्ने गरेको पाइन्छ । कोही प्रतिनिधि सभा, राष्ट्रिय सभा, प्रदेश सभाहरूमा

उठ्ने भएपनि ओइतुङ्ग सल्लाह गर्ने गर्दछन् (मानबहादुर राई, अन्तर्वार्ता, असार ५, २०८२) । प्रतिनिधि सभा, राष्ट्रिय सभा, प्रदेश सभाहरूमा आफु नउठ्ने भए चुनावमा उठ्ने मध्ये कसलाई भोट दिने भनेर पनि ओइतुङ्ग सल्लाह गर्ने गर्दछन् । ओइतुङ्ग सल्लाहले जसलाई मतदान दिने सल्लाह गर्छ, सबैले उसैलाई आफ्नो मत दिने चलन रहेको पाइन्छ (असित राई, अन्तर्वार्ता, असोज १, २०७७) ।

## निष्कर्ष

मानव जीवनको विकाससँग सँगै ओइतुङ्गको विकास भएको पाइन्छ । ओइतुङ्गले समाजलाई सदैव गतिशिल बनाउन सहयोग गरेको पाइन्छ । मानव समाज, समाजको ठुलो रूप हो भने ओइतुङ्ग सानो स्वरूप हो । सानो वा ठुलो जे भनेपनि भएपनि मुलतः यसको काम भनेको समाजका विकृतिहरूलाई विस्थापन गर्दै राम्रो परम्पराहरूलाई निरन्तरता दिनु र समाजलाई अघि बढाउन आवश्यक नयाँ सिद्धान्त, दर्शनहरू अबलम्बन गर्नु रहेको पाइन्छ । आजको विकसित समाजमा जनसङ्ख्याको तिव्रतर विकास, राज्य प्रणाली र विश्व मानव समाजको विभिन्न रूप र चरणमा समाजको विकास भएपछि राई समुदायभित्र पनि विभिन्न थरगत, पाछ्रागत, भाषागत संगठनहरू खुलेका छन् । राई समाजमा आज किरात राई यायोक्खा, किरात वान्तवा खिम, किरात चाम्लिङ खाम्बातिम, किरात दुमी फनसिखिम, किरात साम्पाङ्ग जुम्लेखा आदि-आदिको विकास भएको पाइन्छ । यी र यस्ता संगठनको विकास हुनु पूर्वको प्राचीन मानव समाजको संगठन भनेको ओइतुङ्गहो । यसरी हेर्दा 'ओतुङ्ग' राई समाजको मेरुदण्डको रूपमा रहेको पाइन्छ ।

## सन्दर्भ सामग्री


आङ्बुहाङ, दलबहादुर र राजी, मिनबहादुर (२०८१), *राजी जातिको चिनारी,* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

चौधरी, महेश (२०६४), *नेपालको तराई तथा यसका भूमिपुत्रहरू,* ग्रामीण महिला विकास संस्था ।

चौधरी, माधव (२०८०), *लेखहरूको सङ्गालो-२०८०,* नेपाल आदिवासी जनजाति महासंघ, जलवायु परिवर्तन साझेदारी कार्यक्रम ।

थपलिया, भोजराज (२०४४), *चेपाङ जाति एक परिचय,* गोपाल थपलिया ।

भण्डारी, इन्द्रकला (२०७५), मेचे जातिमा प्रचलित विवाह पद्धति, *रुरल डेभलप्मेट्न जर्नल,* समाजशास्त्र विभाग, त्रि. वि. पद्यमकन्या बहुमुखी क्याम्पस, *१*(३), १११-११९ । https://www.nepjol.info/index.php/rdj/article/view/67140

मेचे, मंगल र मेचे, बिशाल (२०७९), *हाम्रो वन सम्पदा,* *२*(२), ३६-४० । https://forestaction.org/wp-content/uploads/2022/12/5_meche-et-al.pdf ।

राई, नारायणभक्त (२०७७), *किरात राई समुदायको प्रथाजनित कानुन,* देश विशेष सञ्चार प्रा.लि. ।

राई, लगन र हाँस्दा, दुर्गा (२०७५), *सन्थाल जातिको परिचय,* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

लामा, कर्मध्वज (२०८०), *मुगाल (मुगुम) जातिको चिनारी,* नेपाल सरकार आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

श्रम तथा सामाजिक कल्याण मन्त्रालय (२०४५), *भाण लेप्चा तथा गनगाई जातिको सामाजिक आर्थिक अवस्था एक अध्ययन,* श्रम तथा सामाजिक कल्याण मन्त्रालय ।

सिटौला, टिकाप्रसाद (२०७०), *सिटौला सेवा समाज नेपाल,* सिटौला सेवा समाज नेपालका लागि पी. पी. सिटौला ।

सिङ्जाली, विष्णुकुमार (२०८१), *किरात राई जातिका थर र पाछ्राहरू,* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।